गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
# सामाजिक बिकास कार्यालय
नवलपरासी (वर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश
२०७८


प.सं: २०८०/८१
च.नं ८८ मिति: २०८०।०९।०६

श्री नगरकार्यपालिका/गाँउकार्यपालिकाको कार्यालय सबै,
नवलपरासी (ब.सु.पूर्व) ।

विषयः- शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान तथा प्रोत्साहन पुरस्कार सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेश पोखराको च.नं.१२६, मिति २०८०/०८/०६ को पत्रानुसार शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान तथा प्रोत्साहन पुरस्कार कार्यक्रमका लागि जिल्लास्तरमा वक्तृत्वकला र नृत्य प्रतियोगिता संचालन गरी जिल्लास्तरमा प्रथम भएका शिक्षक र विद्यार्थीहरुलाई प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताका लागि मिति २०८०/०९/२० गतेभित्र शिक्षा विकास निर्देशनालयमा नामावली पठाइसक्नु पर्ने भएको हुंदा ताहाँ पालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीहरु मध्येवाट देहाय वमोजिम उत्कृष्ट प्रतियोगीहरु छनोट गरी तपसिल वमोजिम संचालन हुने जिल्लास्तरीय वक्तृत्वकला र नृत्य प्रतियोगितामा सहभागिताका लागि मिति २०८०/०९/१६ गते भित्रमा यस सामाजिक विकास कार्यालयमा प्रतियोगीहरुको नामावली सहितको विवरण उपलव्ध गराइदिनुहुन अनुरोध छ ।

देहाय

१ शिक्षक तथा विद्यार्थी वक्तृत्वकला प्रतियोगिता तर्फ :

- विद्यार्थी वक्तृत्वकलाको शीर्षक : समावेशी सीपमूलक शिक्षा, स्वदेशमा युवा राष्ट्रको इच्छा
- शिक्षक वक्तृत्वकलाको शीर्षक : म विद्यार्थीका लागि, विद्यार्थी मेरा लागि
- वक्तृत्वकला प्रतियोगितामा व्यक्तिगत आक्षेप लगाउने खालको अभिव्यक्ति दिन पाइने छैन ।
- वक्तृत्वकला प्रतियोगितामा वक्तालाई बढीमा ७ मिनेट समय दिइने छ ।

२ शिक्षक तथा विद्यार्थी नृत्य प्रतियोगिता तर्फ :

- शिक्षक तथा विद्यार्थी दुवैतर्फ नृत्य प्रतियोगिता सामुहिक हुनेछ र प्रत्येक नृत्य प्रतियोगितामा कम्तिमा २ देखि वढिमा ६ जना सम्मले सहभागी हुन पाउनेछन् ।

कृष्ण प्रसाद पौडेल
कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक बिकास कार्यालय

## नवलपरासी (वर्दघाट सुस्तापूर्व)

गण्डकी प्रदेश

२०७८

प.सं: २०८०/८१

च.नं

मितिः २०८०।०९।०६

- नृत्य गरिने गीत लोक लयमा आधारित सामाजिक सांस्कृतिक मौलिक चेतना फैलाउने सन्देश मूलक हुनुपर्नेछ ।
- प्रत्येक टिमलाई नृत्यको अवधि वढीमा ७ मिनेट समय दिइने छ ।
- भेषभूषा प्रतियोगी स्वयंले नै व्यवस्था गर्नुपर्नेछ ।

तपसिल

**जिल्लास्तरमा कार्यक्रम संचालन हुने मिति :**

शिक्षक तथा विद्यार्थी वक्तृत्वकला प्रतियोगिता २०८० पौष १८ गते।

शिक्षक तथा विद्यार्थी नृत्य प्रतियोगिता २०८० पौष १९ गते।

समय : विहान १०:०० बजेदेखि।

स्थान : कावासोती, नवलपुर ।

सम्पर्क : ९८५७०४८७५९, ९८५७०८९५५०, ९८५७०८७११९

कृष्णप्रसाद पौडेल

कार्यालय प्रमुख